का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ जेठ २०८०,
मंगलबार
16 May 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक ११० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भीभीआईपीको बयान आरजुको प्रष्टोक्ति

प्रहरीले नक्कली शरणार्थी प्रकरणमा मुछिएका खाँण, रायमाझी, तत्कालीन सचिव पाण्डे, पूर्व गृहमन्त्री बादलका सुरक्षा सल्लाहकार राईलगायतलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ ।






**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १ जेठ ।

नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमा संलग्न भएको आरोपमा पक्राउ परेका भिभिआइपीको बयान जारी छ । सोमबार पूर्वगृहमन्त्री बालकृष्ण खाँणसँगको बयान सकिएन । जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले खाँणसँगमंगलबार पनि बयान लिने छ ।

अर्का, भिभिआइपी एमालेका सचिव समेत रहेका पूर्व उपप्रधानमन्त्री टोपबहादुर रायमाझीको बयान थालिएको छ । जिल्ला अदालत काठमाडौंमा न्यायाधीश केशवप्रसाद अधिकारीको इजलासले रायमाझीलाई ३ दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएलगत्तै उनको बयान सुरु भएको हो । जिल्ला सरकारी वकिलको कार्यालयका उपन्यायधिवक्तासहित जिल्ला प्रहरी परिसर काठमाडौंमा मुद्दा शाखाका डीएसपी निरञ्जन भट्टसहितको टोलीले उनको बयान लिएको छ । २० वैशाखमा पक्राउ पुर्जी जारी भएका रायमाझीलाई प्रहरीले आइतबार साँझ काठमाडौंको बूढानीलकण्ठ क्षेत्रको एक घरबाट पक्राउ गरेको थियो ।

सरकारको वकिलको कार्यालयले यो मुद्दामा अनुसन्धान सकेर मंगलबारसम्ममा फाइल तयार गर्न पनि प्रहरीलाई भनेको छ । ठगी, संगठित अपराधलगायतका विभिन्न मुद्दामा अनुसन्धान गरिरहेको जिल्ला प्रहरी परिसर काठमाडौंले अनुसन्धान नसकिएको भन्दै समय मागेपछि जिल्ला अदालतले आइतबार मात्रै पूर्व गृहमन्त्री खाँणलाई थप ४ दिन थुनामा राख्न अनुमति दिएको छ ।

यही प्रकरणमा मुछिएका खाँण गृहमन्त्री हुँदा मन्त्रालयमा सचिव रहेका टेकनारायण पाण्डे, पृष्ठ २ मा

## 'मेरो चरित्र हत्या भयो'



कांग्रेस केन्द्रीय सदस्य आरजु राणा देउवाले नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नो संलग्नता नरहेको प्रष्टिकरण दिएकी छन् ।

सोमबार प्रतिनिधिसभाको बैठकमा विशेष समय लिएर बोल्दै उनले आफूलाई बिना आधार आरोप लगाइएको भन्दै आपत्ति जनाइन् । 'त्यस (नक्कली भुटानी शरणार्थी प्रकरण)को सत्यतथ्य चाँडै नै उजागर गर्न माग गर्दछु । यो केसको अन्तिम रिपोर्टका लागि म भन्दा आतुर पृष्ठ २ मा

## भ्रष्टाचारविरुद्ध संसदमा संकल्प प्रस्ताव

नक्कली भुटानी शरणार्थी प्रकरणबारे संसद सचिवालयमा संकल्प प्रस्ताव दर्ता भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुमना श्रेष्ठले संकल्प प्रस्ताव लगेकी हुन । सांसद श्रेष्ठले सोमबार दर्ता गरेको संकल्प प्रस्तावमा यो प्रकरणमा भ्रष्टाचार, संगठित अपराध र राष्ट्रद्रोहको मुद्दामा निश्पक्ष र प्रभावकारी अनुसन्धान गर्न संसदले सरकारलाई निर्देशन दिनुपर्ने उल्लेख छ । प्रहरीले सार्वजनिक पद र अख्तियारको दुरुपयोग गरी गरेको अपराधका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखेर पठाउनुपर्ने समेत संकल्प प्रस्तावमा उल्लेख छ ।

यो मुद्दामा भएको अनुसन्धानमा भएको प्रगति र संसदमा उठेको प्रश्नका सन्दर्भमा गृहमन्त्री र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सम्बन्धित क्षेत्र हेर्ने आयुक्तले संसद समक्ष सथार्थ जानकारी गराउन पनि निर्देशन दिनुपर्ने उनको माग छ ।

## आङ्टावाले गरे आत्मसमर्पण



कांग्रेसका पूर्वसांसद आङ्टावा शेर्पाले आत्मसमर्पण गरेका छन् । नक्कली भुटानी शरणार्थी प्रकरणका आरोपित शेर्पाले सोमबार काठमाडौं प्रहरी परिसर टेकु पुगेर आत्मसमर्पण गरेका हुन् ।

प्रहरी परिसरका प्रवक्ता एसपी सीताराम रिजालका अनुसार नक्कली भुटानी शरणार्थी प्रकरणमा शेर्पाविरुद्ध आइतबार पक्राउ पुर्जी जारी भएको थियो । हिरासतमा रहेका आरोपितलाई भेटेर यस मुद्दामा तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणलाई नपोल्न भन्दै प्रभावमा पारेको आरोप उनीमाथि लागेको छ । पृष्ठ २ मा

### ६ महिनापछि सक्रिय मिनी संसद

# संसदीय समितिमा स्वार्थ बाझिने माननीयहरु

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १ जेठ ।

आम चुनावको ६ महिनापछि प्रतिनिधि सभाअन्तर्गतका संसदीय समितिहरु सक्रिय हुँदै छन् । मंगलबार प्रतिनिधि सभाअन्तर्गतका १० वटै समितिको बैठक राखिएको छ । तर विगतमा जस्तै यसपटक पनि संसदीय समितिमा स्वार्थ बाझिने माननीयहरु रहने भएका छन् ।

नियमावलीमै लेखेर पनि सभामुख देवराज घिमिरेले कतिपय सांसदहरुलाई स्वार्थ बाझिने समितिमा रहनबाट रोक्न सकेनन् । बैंकका सञ्चालकहरु, लघुवित्तका मालिकहरु अर्थ समितिमा छन् । उद्योगी, व्यापारी, क्रसर सञ्चालक र मेनपावर कम्पनीका मालिकहरुले उद्योग वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति रोजेका छन् । ठेकेदारहरु पूर्वाधार तथा विकास समितिमा छन् । भ्रष्टाचारको आरोप लागेकाहरु र ठूला व्यापारीहरु सार्वजनिक लेखा समिति सदस्य भएका छन् ।

प्रतिनिधि सभा नियमावली २०७९ को नियम १७५ मा विषयगत समितिको गठनसम्बन्धी व्यवस्था छ । जहाँ भनिएको छ, 'समितिको कार्यक्षेत्रसँग स्वार्थ बाझिने सदस्यलाई पृष्ठ २ मा

# हतकडीको राजनीति

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १ जेठ ।

सामान्यतयाः कुनै व्यक्तिले आपराधिक कार्य गरे/गराएको उजुर परेको अवस्थामा अभियुक्तलाई नियन्त्रणमा लिएर सुरक्षितसाथ सम्बन्धित स्थानमा पुर्‍याउन हतकडीको प्रयोग गरिन्छ । नेपालमा पनि कुनै व्यक्तिमाथि आरोप लागेमा वा दोषी ठहर भएका हतकडी लगाउने चलन छ । तर, पक्राउ गर्नुपर्ने व्यक्ति शारीरिक रुपमा अशक्त, अस्वस्थ र बिरामी भएमा पनि हतकडी लगाउने प्रचलन छैन । पक्राउ गर्नुपर्ने अभियुक्तले गरेको कसुर जघन्य वा कठोर प्रकृतिको नभई सामान्य खालको भएमा पनि हतकडीको प्रयोग नहुन सक्दछ । तर, नेपालमा भने हाइप्रोफाइल अभियुक्तलाई हतकडी नलगाएको भन्दै सामाजिक सञ्जालदेखि सञ्चारमाध्यमबाट समेत आलोचना भएको छ । नक्कली भुटानी पृष्ठ २ मा

# अवैध मलमा पनि आर्थिक चलखेल !

**प्रेमचन्द्र झा / मध्यान्ह**
रौतहट, १ जेठ ।

नेपाली किसानले पछिल्लो दशकमा भोगेको मुख्य समस्या हो- रासायनिक मलको अभाव । कृषि मन्त्रालयका अनुसार पछिल्लो पाँच वर्षमा अझ यो समस्या चर्को रुपमा देखा परेको छ । रासायनिक मलको अभाव झेलिरहेका किसान भारतबाट अवैधरुपमा आयात भएको रासायनिक मलसमेत प्रयोग गर्न बाध्य छन् । कम गुणस्तरको हुने भनी प्रश्न उठिरहँदा समेत अवैधरुपमा मल आयात रोकिएको छैन । बरु भारतबाट अवैधरुपमा आयात भएको रासायनिक मलमा समेत आर्थिक चलखेल हुने गरेका उदाहरण छन् ।

स्थानीय किसानका अनुसार अवैधरुपमा रासायनिक मल आयात हुने रौतहटको गौर क्षेत्र पनि हो । जहाँ गौर भन्सार कार्यालयसमेत छ । यो भन्सार कार्यालयले आर्थिक चलखेलमा



बरामद भएको मलको लिलामी गर्ने गरेको आरोप स्थानीयको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले राजपुर नगरपालिका ५ स्थित एक घरबाट १ हजार ३ सय बोरा मल बरामद गरेको थियो । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष



### श्रम मन्त्रालयद्वारा भीएफएसबारे कूटनैतिक स्पष्टता माग

# कार्यदलको प्रतिवेदनपछि सेवा शुल्क परिमार्जनको निर्णय

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले साउदी अरबको भिसा प्रक्रिया भीएफएस ग्लोबल सर्भिस नेपालले सञ्चालन गर्नेसम्बन्धमा परराष्ट्र मन्त्रालयमार्फत जवाफ माग गरेको बताएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सोमबार बुझाएको ९ बुँदे ज्ञापनपत्र बुझ्दै मन्त्री भण्डारीले उक्त जानकारी दिएका हुन् ।

साउदी अरबको भिसा प्रक्रियामा निजी क्षेत्रको भीएफएस ग्लोबल सर्भिसले सञ्चालन गर्ने विषय सार्वजनिक भएपछि संघले आइतबार र सोमबार दुवै दिन मन्त्री भण्डारीलाई भेटी आफ्नो असन्तुष्टि राखेको हो । आइतबार अध्यक्ष राजेन्द्र भण्डारी र महासचिव मेघनाथ भुर्तेलले मात्रै मन्त्री भण्डारीलाई भेटेका थिए भने सोमबार संघ कार्यसमिति पदाधिकारी तथा सदस्य र



विभिन्न घटकसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कामदारलाई आर्थिक भार पार्ने र भविष्यमा प्रत्यक्ष अप्रत्यक्ष सिण्डिकेड खडा हुनसक्ने संघको धारणा सुनेपछि मन्त्री भण्डारीले साउदी भीएफएस परराष्ट्र मन्त्रालयमार्फत आएको डिप्लोमेटिक नोट भएको र त्यसमा केही अस्पष्टता देखिएपछि परराष्ट्रमार्फत नै सम्बन्धित निकायमा आवश्यक छलफलका लागि पत्राचार गरेको बताए । उनले भने, 'कूटनैतिक च्यानलबाट आएको अवस्थामा तत्काल नो भन्ने अवस्था नभएकाले कूटनैतिक एक्शन लिन स्पष्टताका लागि पत्राचार गरेका छौं ।'

मन्त्री भण्डारीले सेवा शुल्कका विषयमा निर्णय गर्न मन्त्रालयमा संघका अध्यक्षसमेत रहेको कार्यदल गठन गरिएको र कार्यदलले प्रतिवेदन दिएपछि व्यापक छलफल गरेर जाने बताए । मन्त्री भण्डारीले भने, 'मैले वैदेशिक रोजगार व्यवसायीलाई करको दायरामा ल्याउन र अनुशासनमा बाँध्न पनि सेवा शुल्क परिमार्जन गर्ने धारणा राख्दा व्यवसायीलाई पैसा बढाइदिने भनेर प्रश्न उठाए, यो एक प्रकारको पाखण्ड हो, हिप्पोक्रेसीले हुँदैन । अहिले फ्रि छ त ? यसमा व्यवहारिक समाधान पहिल्याउन जरुरी छ ।'

मन्त्री भण्डारीले घरेलु कामदारको रुपमा वैदेशिक रोजगारीमा जान रोकेपनि नरोकिएको भन्दै सुरक्षित मुलुकमा प्रोटोकल बनाएर पृष्ठ २ मा


युएईमा रोजगारको अवसर

United International Group

कम्पनी: UIG
(UNITED INTERNATIONAL GROUP)

पूर्व स्वीकृत मितिः २०७८/०९/२०
चलानी नं.: ६०१७२०४६ LT. No.:255573
पुनः विज्ञापन शहर: UAE

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | स्काफोल्डर | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९,२९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | मेशन | 75 | 0 | | 1000 | ३५,७२० | | | | | | | |
| 3. | सटरीङ्ग कारपेन्टर | 50 | 0 | | 1000 | ३५,७२० | | | | | | | |
| 4. | स्टील फिक्चर | 50 | 0 | | 1000 | ३५,७२० | | | | | | | |
| 5. | लेबर/हेल्पर | 25 | 0 | | 800 | २८,५७६ | | | | | | | |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिद्वाराः
काठमाडौं: २०८० जेठ ७ र ११ गते, 2023 May 21 & 25
इटहरी: २०८० जेठ ८ गते, 2023 May 22
बिर्तामोड: २०८० जेठ ९ गते, 2023 May 23

नोटः
- उल्लेखित पदमा ट्रेनिङ गरेको, नेपाल मै काम गरेको या गल्फ रिटर्न सबैले अन्तर्वार्ता दिन सकिने ।
- उमेर १९ वर्ष देखि ४३ वर्षसम्म ननाघेको हुनु पर्नेछ ।
- एप्रुभल रेडि भएकाले २ हप्ता भित्र उडिसक्नु पर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
Itahari- 025-587587 | 9801175497, Birtamod- 023-533076 | 9806095018
श्रम इजाजत नं. ६३९/०६३/०६४

मध्यान्ह
www.madhyanhadaily.com
२ जेठ २०८०, मंगलबार
16 May 2023, Tuesday

## भीभीआईपीको...

पूर्व गृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार इन्द्रजित राई लगायतलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ ।

## मेरो...

कोही छैन' उनले भनेकी छन् ।

आफूलाई विदेश गएको भनेर लेखिएका समाचारप्रति पनि आरजू राणाको आपत्ति छ । नक्कली भुटानी शरणार्थी प्रकरणमा आफ्नो नाम जोडेर आएको अडियो छानबिनका लागि प्रहरीमा बुझाएको तर ६ दिनसम्म पनि रिपोर्ट नआएको भन्दै राणाले अर्को आपत्ति जनाएकी छन् ।

६ दिनअगाडि फेक अडियो, भुटानी शरणार्थी प्रक्रियामा संलग्न भनेर बनाइएकोलाई फरेन्सिक परीक्षणका लागि सीबीआई र साइबर क्राइम सेलमा पठाएको उल्लेख गर्दै उनले भनेकी छन्, 'त्यो दर्ता गर्न पनि मानिएको थिएन । यहाँहरूले पत्याउनु हुन्न होला, सत्तापक्षको यत्रो ठूलो नेताको श्रीमति भनेर तीन घण्टा लाग्यो त्यो दर्ता गराउन । त्यसको पनि जवाफ गृह मन्त्रालयबाट माग गर्न चाहन्छु ।'

## आङ्टावाले...

नक्कली भुटानी शरणार्थी प्रकरणमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण, पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी, नेपाल सरकारका पूर्वसचिव टेकनारायण पाण्डेसहित १३ जना पक्राउ परिसकेका छन् ।

पूर्वगृहमन्त्री रामबहादुर थापाका छोरा प्रतीक र रामबहादुर थापा बादलका तत्कालीन सुरक्षा सल्लाहकार इन्द्रजित राईका छोरा भने फरार रहेका छन् ।

## ६ महिनापछि...

सम्बन्धित समितिमा मनोनयन गरिने छैन ।' विषयगत समितिमा रहने सांसदहरुको नाम नियाल्दा नियमावली कार्यान्वयन भएको पाइन्न । नियमावलीकै व्यवस्था उल्लंघन हुन पुगेको बताउँछन् अध्येता किरण चापागाईं । उनी भन्छन्, 'नियमावलीमै स्वार्थ बाझिने समितिमा मनोनयन नगरिने भनिए पनि त्यसको कार्यान्वयन भएको पाइएन ।'

श्रम समितिमा म्यानपावर सञ्चालक, विकास समितिमा ठेकेदारहरु छन् । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा उद्योगी, व्यापारी र म्यानपावर व्यावसायीहरु पृठभूमिका सांसदहरु पनि रहेका छन् ।

नेकपा एकीकृत समाजवादीका सांसद कृष्णकुमार श्रेष्ठ यो समितिमा छन् । श्रेष्ठ उद्योग, होटल, घरजग्गा तथा हार्डवेयर व्यवसायमा संलग्न छन् । बाराको सिमरामा होटल क्लासिक प्लाजा चलाउँछन् । बाराका क्लासिक म्याट्रेस र ग्यास-वान ग्यास उद्योगमा पनि श्रेष्ठकै लगानी छ । बारामा घरजग्गा व्यवसायमा हात हालेका छन् ।

उद्योग समितिमा रहेका नेपाली कांग्रेसका मोहनबहादुर बस्नेतले पनि यातयात, क्रसर लगायतका विभिन्न व्यवसायमा लगानी गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद डोलप्रसाद अर्याल र नेकपा एमालेका सांसद लालप्रसाद सावाँ लिम्बू श्रम तथा उपभोक्ता हित समितिमा छन् । दुवै जना म्यानपावर कम्पनीसँग आवद्ध थिए । तर उनीहरुले आफ्नो आवद्धता अस्वीकार गर्दै आएका छन् ।

पूर्वाधार तथा विकास समितिमा ठेकेदार पृष्ठभूमिका सांसदहरु छन् । नेकपा एकीकृत समाजवादीका धनबहादुर बुढा र नेकपा एमालेका सांसद प्रेमबहादुर महर्जन विकास समिति सदस्य छन् । उनीहरु निर्माण व्यवसायी (ठेकेदार) हुन् ।

नेपाली कांग्रेसका सांसद विनोद चौधरी अर्थ समितिमा छन् । नेपालका एकमात्रै डलर अर्बपति चौधरीको परिवार दर्जनौं क्षेत्रका व्यापार/व्यवसायमा आवद्ध छन् ।

चौधरीका अलावा अर्थ समितिमा जनता समाजवादी पार्टी (जसपा)का सांसद विरेन्द्रप्रसाद महतो छन् । उनी माछापुच्छ्रे बैंकका संस्थापक लगानीकर्ता हुन् । सांसद भएपछि उनले बैंकको सञ्चालक समिति अध्यक्ष पद छाडेका थिए ।

अर्थ समितिमा रहेका अर्का सदस्य भगवती चौधरी फर्वार्ड लघुवित्तकी लगानीकर्ता हुन् । सांसद हुनुअघि उनी लघुवित्तमा अध्यक्ष थिइन् ।

एमाले सांसद गोकुल बास्कोटा सार्वजनिक लेखा समिति सदस्य भए । सुरक्षण मुद्रण केन्द्र स्थापनाका लागि ७० करोड कमिसनको मोलमोलाई गरेको आरोपमा उनले तीन वर्षअघि सञ्चारमन्त्रीबाट राजीनामा दिएका थिए । मन्त्रीबाट हटेपछि प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा उनी सार्वजनिक लेखा समितिमा बसेका थिए । उनी जोडिएको अडियो टेप प्रकरणको विषयमा अहिले पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ ।

लेखा समितिका अर्का सदस्य पूर्वअर्थमन्त्री जनार्दन शर्मा गत वर्ष अनधिकृतरुपमा बजेटमा करको दर हेरफेर गराएको भनी विवादमा परेका थिए ।

यस्तै राप्रपाले सांसद विक्रम पाण्डेलाई सार्वजनिक लेखा समितिमा पठाएको छ । उनलाई विशेष अदालतले भ्रष्टाचारको आरोपबाट सफाइ दिए पनि अख्तियारले सर्वोच्च अदालतमा पुनरावेदन गरेकाले राज्यको नगरमा उनी भ्रष्टाचारका आरोपित हुन् ।

## हतकडीको...

शरणार्थी प्रकरणमा पक्राउ परेका पूर्वगृहमन्त्री समेत रहेका वालकृष्ण खाँड र एमालेका सचिव टोपबहादुर रायमाझीलाई हत्कडी नलाइएको भन्दै आलोचना भएको हो । एमाले सचिव टोपबहादुर रायमाझी त ठूलै विजय हासिल गरेजस्तो गरि खुसीका साथ प्रहरीकासामु आत्मसमर्पण गरेका छन् । यद्यपि, उही प्रकरणमा समातिएका अन्य व्यक्तिलाई भने हत्कडी लगाइएको छ । सोही विषयलाई लिएर अदालतबाट बाहिरिदैं गरेका खाँडलाई एकजना महिलाले अदालत परिसर बाहिर बसेर तथानाम् गाली गर्दै पुलिस प्रशासन हत्कडी लगा भन्दै विरोध समेत गरेकी छिन् । 'सर्वसाधारण र भीआइपीलाई गरेको व्यवहार कानूनको धज्जी उडाएको हो' उनले भनिन् । नेपालमा मात्र नभई विदेशमा समेत पक्राउको अभिन्न अंगको रुपमा हत्कडीलाई लिंदै आएको देखिन्छ । जोकोही अभियुक्तलाई पनि सरकारी वकिल कार्यालय तथा अदालत निजको स्वास्थ्य परीक्षण तथा उपचार गर्न अस्पताल वा स्वास्थ्य चौकीमा लैजाँदा ल्याउदा, म्यादथप गर्दा, बयान गर्दासम्म पटकपटक बाहिर लैजानुपर्ने हुन्छ । सोही व्यक्ति बाटोमा नभागोस् वा सजिलै ताला खोल्न नसकोस् भनेर हतकडी लगाइएको हुन्छ । तर, भीआइपीको नाम लिएर भने एउटै मुद्धामा फरक प्रकृतिको व्यवहार भएको छ ।

त्यसोत, केही महिनाअघि बलात्कारको अभियोगमा पक्राउ परेका क्रिकेटर सन्दिप लामिछानेलाई पक्राउ गर्दा हत्कडी नै लगाइएको थियो । उनी पनि खेलको क्षेत्रमा महत्वपूर्ण योगदान दिएका व्यक्ति हुनाले किन हत्कडी लगाइयो भन्ने प्रश्न पनि उठेको थियो । 'नेपालको प्रचलित कानून हेर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४२ ले मात्र बालबालिकालाई पक्राउको क्रममा हत्कडीको प्रयोग गर्न नपाइने गरी प्रतिबन्ध लगाएको छ । सो बाहेक अरू कुनै पनि ऐन-कानूनले पक्राउ परेको अभियुक्तलाई हत्कडी लगाउनलाई रोक लगाएको छैन । तसर्थ, अभियुक्त वा अपराधी जोसुकैलाई पनि कानून बराबर हुनुपर्छ' अधिवक्ता अर्जुन अर्यालले भने । उनले अपराध र हत्कडी एकअर्काका परिपूरक हुनाले अभियुक्त वा अपराधीको दर्जा निर्धारण गर्न नहुने बताएका छन् । अभियुक्तको हातमा हत्कडी देखिदाँ अपराध गर्नेहरु हतोत्साही हुने, अपराधिक प्रवृत्तिको मनोबल कमजोर हुने र आम जनमानस सुरक्षित छौं भन्ने अनुभूति हुने हुँदा दोषी जोसुकैलाई पनि कानून बराबर हुनुपर्ने आवाज उठिरहेको छ । तरपनि, भीआइपीको नाममा दोषी व्यक्तिलाई पनि हत्कडीमुक्त गरिदाँ जनआक्रोश झनै चुलिन थालेको छ ।

## अवैध...

उक्त मल अवैधरुपमा आयात भएको पाएपछि प्रहरीले उक्त मल बरामद गरेको थियो । स्थानीयका अनुसार उक्त मलको बजार मूल्य करिब २० लाख रुपैयाँ बराबर हो ।

तर गौर भन्सार कार्यालयले १० लाख रुपैयाँमै रौतहटको राजपुरस्थित जय माँ दुर्गा इन्टरप्राइजेजलाई जिम्मा लगाएको आरोप स्थानीयको छ । अवैधरुपमा भित्रिएको अन्य समान बरामद भए लिलाम गर्न महिनौं लगाउने गरेको तर रासायनिक मल हतारमा लिलाम गरेको भनी कतिपयले प्रश्न उठाएका हुन् ।

गौर भन्सार कार्यालयको प्रमुख वासु नेपाल नभएका बेला निमित्त प्रमुख शिवहरि निरौलाले मल लिलाम गरेको भनी स्थानीयले आशंका गरेका छन् । यस विषयमा कार्यालय प्रमुख वासु नेपाल र सुचना अधिकारी रेवती रोक्कासँग पटक-पटक प्रयास गर्दासमेत सम्पर्क हुन सकेन ।

तर गौर भन्सार कार्यालयका निमित्त प्रमुख निरौला भने मलको लिलाम गर्दा कुनै अनियमितता र आर्थिक चलखेल नभएको बताउँछन् ।

## श्रम...

पठाउने वातावरण बनाउने उल्लेख गरे । मन्त्री भण्डारीले नेपालले कूटनैतिक सम्बन्ध कायम गरेका सबै मुलुकमा कामदार पठाउन खुला गर्नुपर्ने धारणा दोहोऱ्याए ।

मागपत्र प्रमाणीकरण समस्याको समाधानका लागि मन्त्रिपरिषद्मा प्रस्ताव गएको जानकारी दिंदै मन्त्री भण्डारीले परराष्ट्र मन्त्रालयसँग छलफल गरी निर्णय गरिने मुख्य सचिवले आफूलाई जानकारी दिएको बताए । मन्त्री भण्डारीले भने, 'हाल अनलाइन डिप्लोमेसी शुरूवात भएपनि हामीले त्यसको लाभ लिन पाएका छैनौं । तर उनीहरूसँग कुरा गरेर समस्या समाधान गरिने छ ।'

वैदेशिक रोजगार बोर्ड विदेशमा रोजगार मेला अघि बढाउनेदेखि रोजगारको नयाँ गन्तव्य खोज्ने विषयमा सकारात्मक रहेकाले नेपालको कूटनैतिक सम्बन्ध रहेका देशसँग नयाँ गन्तव्य खोल्न आक्रामक शैलीमा मार्केटिङ गर्ने योजना रहेको पनि मन्त्री भण्डारीले उल्लेख गरे ।

सीप सिकाइलाई प्रभावकारी बनाउन भैंसेपाटीस्थित तालिम केन्द्रलाई एकेडेमी बनाएर सीटीईभीटीले प्रदान गर्नेभन्दा तल्लो स्तरका सबै तालिम दिने व्यवस्था गरिने र विदेशी मुलुकमा रहेका तालिम प्रदायकसँग जोडेर तालिम अघि बढाउने योजना रहेको मन्त्री भण्डारीले बताए ।

शैक्षिक परामर्शदाताको अनुमति लिएका एजुकेसन कन्सल्ट्यान्सीलाई वैदेशिक रोजगारीमा मान्छे पठाउने अधिकार नभएको भन्दै मन्त्री भण्डारीले हाल पनि फ्रेन्च आर्मी भर्ना गराउन भन्दै रोजगार आकांक्षी युवालाई १५ दिनसम्म राजधानीमा डुलाएको गुनासो आएको बताए ।

मन्त्री भण्डारीले नक्कली भुटानी शरणार्थी प्रकरणले वर्तमान राजनीतिमा दुर्घटना जस्तो भएको र यसले वैदेशिक रोजगारलाई जोखिम बढाएकाले सचेत हुनपनि व्यवसायीको ध्यानाकर्षण गराए । व्यवसायीले अनइथिकल गर्दैन भनेर कसम खानुपर्ने अवस्था उत्पन्न भएको भन्दै मन्त्री भण्डारीले यो क्षेत्रमा शुद्धीकरण नगरी नहुने अवस्था रहेको बताए । मन्त्री भण्डारीले संख्या सय समस्याको समाधानका लागि प्रक्रिया अघि बढेको भन्दै चिन्तित नहुन व्यवसायीलाई आग्रह गरे ।

त्यसअघि ज्ञापनपत्र दिंदै संघका अध्यक्ष भण्डारीले कुनैपनि संयन्त्रको नाममा कामदारमा आर्थिक भार पार्न नहुने, भिसा सेन्टरको नाममा सिण्डिकेट हुन नहुने, सकेसम्म छिटो सेवा शुल्क परिमार्जन गरिनुपर्ने माग गरे । अध्यक्ष भण्डारीले भने, 'समाजका विभिन्न क्षेत्रबाट वैदेशिक रोजगार अव्यवस्थित भयो भन्ने छ । तर सेवा शुल्क नभएको अवस्थामा व्यवसायी अनुशासनमा राख्न र कारबाही गर्न सकिँदैन । भारत, पाकिस्तान, श्रीलंकासरह सेवा शुल्क हुनुपर्ने संघको अडानलाई मन्त्रालयले आत्मसात् गर्न जरुरी छ ।'

व्यवसायी फ्रि भिसा फ्रि टिकट उल्ट्याउन नभई सुधारका लागि लागेकोले लामो समयसम्म यस विषयलाई अलमलमा राख्न नहुने अध्यक्ष भण्डारीले बताए । उनले घरेलु कामदार पठाउँदा बेथिति भयो भन्दै श्रम स्वीकृति दिन बन्द गरेको १० वर्ष भएको तर नेपाली महिला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ओमन, कुवेत गएकाले त्यसमा ठोस निर्णय हुनुपर्ने माग गरे ।

अध्यक्ष भण्डारीले व्यवसायीमार्फत जापानमा कामदार पठाउन सुरक्षित भएपनि संस्थागतरूपमा पठाउन नपाउँदा ठूलो रकम लिएर व्यक्तिगतरूपमा पठाउने बिकृति देखापरेको भन्दै जापानमा चीन, कोरियाबाट कामदार लिन सशंकित अवस्था उत्पन्न भएकाले नेपालीलाई अवसर सिर्जना भएको र त्यसलाई समाउन सक्नुपर्ने उल्लेख गरे । उनले भने, 'जापानमा न्यूनतम ४० हजार नेपाली कामदार पठाउन सक्छौं, त्यसले रेमिट्यान्स बढाउनेछ ।'

वैदेशिक रोजगार ऐनको दफा १५ ले अनिवार्य मागपत्र प्रमाणीकरणको व्यवस्था गर्दा पछिल्लोपटक युरोपमा देखिएको नेपाली कामदारको मागपत्र प्रमाणीकरण गर्न दूतावासको अभावका कारण समस्या देखिएको उनले उल्लेख गरे । उनले नेपालमा युरोपेली मुलुकको दूतावास नहुँदा व्यवसायीले भारतमा बसेर असुरक्षितरूपमा कामदार पठाउने गरेको र त्यसरी भिसा प्रक्रिया गर्दा एक जनाको न्यूनतम एक लाख खर्च हुने बताए । यसरी भिसा प्रक्रियामार्फत वार्षिक ५० हजार कामदार पठाउँदा ठूलो रकम खर्च भएको र अनावश्यक तनाव पनि भएकाले नेपालमा युरोपेली मुलुकको कम्तीमा कन्सुलर कार्यालय खोल्न पहल गर्न पनि अध्यक्ष भण्डारीले माग गरे । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालले भीएफएस कामदारको हकमा लागू हुने-नहुने विषयमा मन्त्रालयले व्यवसायीलाई स्पष्ट पार्नुपर्ने र नेपाली नागरिकको डाटाबेस प्राइभेट कम्पनीलाई दिँदा दुरुपयोग हुने भएकाले निजी संस्थालाई अनुमति किन ? भन्ने प्रश्न उठेको र त्यसको पनि ठोस जवाफ आउनुपर्ने माग गरे ।


# Dhurkot Rural Municipality

## Office of the Rural Municipal Executive

**Barbot, Gulmi**

**Lumbini, Province, Nepal**

## Invitation for Bids

**Date of publication: 2023-05-15**

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids through e-procurement system bidders for the Procurement Of :

| S. N. | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated amount with VAT | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-G-SQ-14-079/80 | Supply and Delivery of Medicine for Dhurkot Rural Municipality at Dhu. Ga.Pa.-04, Barbot, Gulmi | 20,000.00 | 794384.57 | 75 days | 1,000.00 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata) | Deposit cash for bid security (Dhurkot Ga.Pa. Ga. 3.1 Sthaniya Taha Dharauti Khata) |
|---|---|---|---|
| 2023-05-30, 12:00 PM | 2023-05-30, 13:00 PM | Sunrise Bank Ltd, Barbot Gulmi 0910501307703007 | Sunrise Bank Ltd, Barbot Gulmi 0910501307701002 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917, 9857064771.

**Chief Administrative Officer**



# लिसंखु पाखर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**अत्तरपुर, सिन्धुपाल्चोक**

**बागमती प्रदेश, नेपाल**

## शिक्षक पदपूर्ति तथा रोष्टर समूह निर्माणका लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति २०८०/०२/०२**

प्रस्तुत विषयमा लिसंखु पाखर गाउँपालिका अन्तर्गत सञ्चालित तपशिल बमोजिमका सामुदायिक विद्यालयमा तपशिल बमोजिका रिक्त शिक्षक तथा प्रशिक्षक र शै.स. २०८० मा आधारभूत तह (१-५) मा रिक्त भएपश्चात् नियुक्ति गर्नुपर्ने अनुमानित १० जना प्राथमिक शिक्षकको योग्यताक्रमानुसारको रोष्टर समूहको सूचीमा सूचीकृत हुनका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिनभित्र आवश्यक कागजात र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | विज्ञापन नं. | पद/तह | विषय | विद्यालयको नाम | संख्या | किसिम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | 019/2079-080 | मा.शि. | अंग्रेजी | श्री घिच्चेत उसिदुम मा.वि., लिसंखु पाखर गा.पा. ३ | १ | संघीय शिक्षण सहयोग अनुदान | दास्रो पटक प्रकाशित |
| २. | 029/2079-080 | शिक्षक, मा.वि. (साविक उमावि) | विज्ञान | श्री बुद्धोदय मा.वि., लिसंखु पाखर गा.पा.-२ | १ | नेपाल सरकारबाट प्राविधिक धार सञ्चालित विद्यालयलाई प्रदान अनुदान कोटा प्राविधिक धारतर्फको अनुदान | प्रथम पटक प्रकाशित |
| ३. | 030/2079-080 | प्रशिक्षक मा.वि. (साविक उमावि) | कम्प्युटर इन्जिनियरिङ | श्री बुद्धोदय मा.वि., लिसंखु पाखर गा.पा.-२ | १ | | |
| ४. | 031/2079-080 | शिक्षक, नि.मा.वि. | विज्ञान | श्री जनसहयोग मा.वि., लिसंखु पाखर गा.पा.-२ | १ | स्वीकृत दरबन्दी | |
| ५. | 032/2079-080 | प्रा.शि. | | लिसंखु पाखर गाउँपालिका अन्तर्गतका विद्यालयहरु | १० | स्वीकृत दरबन्दी तथा राहत अनुदान | |

१. **आवश्यक न्यूनतम योग्यता**
   (क) विज्ञापन नं. ०१९/२०७९-०८० को लागि अंग्रेजी मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरी सोही तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।
   (ख) विज्ञापन नं. ०२९/२०७९-०८० को लागि रसायन विज्ञान विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको ।
   (ग) विज्ञापन नं. ०३०/२०७९-०८० को लागि कम्प्युटर इन्जिनियरिङ, आई टि इन्जिनियरिङ, सफ्टवेयर इन्जिनियरिङ र कम्प्युटर सिस्टम इन्जिनियरिङ मूल विषय लिई स्नातकोत्तर तह उत्तीर्ण वा स्नातक तह उत्तीर्ण गरी १ वर्षको कार्य अनुभव भएको ।
   (घ) विज्ञापन नं. ०३१/२०७९-०८० को लागि विज्ञान मूल विषय लिई कक्षा १२ वा सो सरह उत्तीर्ण गरी सोही तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।
   (ङ) विज्ञापन नं. ०३२/२०७९-०८० को लागि कक्षा १२ वा सो सरह उत्तीर्ण गरी सोही तहको अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।
   (च) उमेर : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

२. **दरखास्त दिने स्थान** : गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा शाखा, अत्तरपुर सिन्धुपाल्चोक
३. **दरखास्त दिने अन्तिम मिति** : मिति २०८०/०२/१६ गते ५ बजेसम्म ।
४. **सम्पर्क मिति** : २०८०/०२/१७
५. **परीक्षा सञ्चालन मिति** : सम्पर्क मितिमा तोकिनेछ ।
६. **परीक्षाको किसिम** : लिखित परीक्षा र अन्तर्वार्ता
७. **आवेदन दस्तुर** :
   - विज्ञापन नं. ०१९/२०७९-०८० को लागि को लागि रु १,०००/- (एक हजार)
   - विज्ञापन नं. ०२९/२०७९-०८० र विज्ञापन नं. ०३०/२०७९-०८० को लागि रु १५००/- (एक हजार पाँच सय)
   - विज्ञापन नं. ०३१/२०७९-०८० को लागि को लागि रु ७००/- (सात सय)
   - विज्ञापन नं. ०३२/२०७९-०८० को लागि रु ४००/- (चार सय)
८. **सेवा सुविधा** : नेपाल सरकारको नियमानुसार
९. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजात** :नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यता, अनुभव खुल्ने प्रमाणपत्र (भएमा), पासपोर्ट साईजको फोटो २ प्रति

**थप जानकारीको लागि सम्पर्क नं. ९८६०३९००८४, ९८४१३८८६०६ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

# डोल्पा–नेपालगञ्ज नयाँ भाडादर निर्धारण



पूर्ण सार्की/मध्यान्ह
डोल्पा, १ जेठ

डोल्पा-नेपालगञ्ज चल्ने सार्वजनिक सवारी साधनको नयाँ भाडादर निर्धारण गरिएको छ।

जिल्ला प्रशासन कार्यालय डोल्पामा प्रशासन, सडक विभागका प्रतिनिधि, विभिन्न यातायात व्यवसायीहरुबीच छलफलपछि नयाँ भाडादर निर्धारण गरिएको हो।

जिल्ला यातायात व्यवस्था समितिका अध्यक्ष तथा प्रमुख जिल्ला अधिकारी भुमिश्वर पोखेलको अध्यक्षतामा विभिन्न सरोकारवाला निकाय बीच छलफलपछि ठूलो गाडी प्रतिकिलोमिटर २७ रुपैयाँ र साना गाडी प्रतिकिलोमिटर २४ रुपैयाँ भाडादर कायम गरिएको छ।

डोल्पाको सदरमुकाम दुनै बजारदेखि तल्लुबगर सम्म ठुला गाडी प्रतिव्यक्ति रु. १ हजार पाँच सय र साना गाडी प्रतिव्यक्ति रु.एक हजार ७ कायम गरिएको छ। यस्तै डोल्पाको दुनै बजारदेखि बाँकेको नेपालगन्जसम्म साना गाडी प्रतिव्यक्ति रु.३ हजारसय र ठूला गाडी रु.३ हजार २ सय भाडादर कायम गरिएको छ। सदरमुकाम दुनै, जुफाल, त्रिपुराकोट, खदाङ, त्रिवेणी, जगदुल्ला लगाएका जिल्ला भित्रका विभिन्न गाउँ बस्तीहरुमा प्रत्येक स्थानीय तहले सडक सर्वे गरेपछि सोही दूरीका आधारमा प्रतिकिलोमिटर साना गाडीले २७ रुपैयाँ र ठूला गाडीले २४ रुपैयाँ भाडा लिने सहमतिका साथ निर्णय गरिएको छ।

डोल्पा राष्ट्रिय सडक सञ्जालमा जोडिएपनि अधिकांश ठाउँमा सडक मर्मत सम्भार गर्नुपर्ने आवश्यक रहेकाले तत्काल स्तरोन्नत्ती गर्न व्यवसायीहरुले माग गरेका छन्। सडक राम्रो भयो भने यातायात व्यवसायी बीच प्रतिस्पर्धा हुने अनि आफैँ भाडादर कम हुने उनीहरुको भनाइ थियो।

डोल्पाको सदरमुकाम दुनै बजारमा अस्थायी रुडप्रमिड लिएर केही दिन पहिलेदेखि ठूला गाडी नेपालगञ्जदेखि दुनै आउन थालेका छन्। हालसम्म ७ वटा ठूला गाडीले सडक डिभिजन कार्यालयबाट अस्थायी रुडप्रमिड लिएका अन्यले प्रक्रिया चालेका सडक डिभिजन कार्यालय चौरजहारीले जनाएको छ।

# ‘राजनीतिमा इमान्दारिताले बिचौलियाको अन्त्य’

**काठमाडौं/मस-** कानून, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले राजनीतिमा इमान्दारिताले बिचौलियाको अन्त्य गर्ने बताएका छन्। राष्ट्रियसभा, दिगो विकास तथा सुशासन समितिको सोमबारको बैठकमा उनले संसदीय समितिले दिने निर्देशनलाई भने मन्त्रालयले शिरोधार्य गरी तदारुकताका साथ कार्यान्वयन गर्ने विश्वास दिलाए।

मन्त्री गुरुङले भने, ‘समितिका निर्देशन र सुझावलाई अङ्गिकार गरिनेछ, कानुनका विभेदकारी प्रावधानलाई हटाइनेछ, समाजमा घृणा र हेलाको दृष्टिकोणले हर्ने प्रवृत्ति अन्त्य गर्ने समाजमा चेतना जागृत गराउने कार्यक्रम लैजानुपर्छ।’

समितिमा मनोसामाजिक अपाङ्गताको दृष्टिकोणबाट विद्यमान कानूनमा रहेका विभेद्कारी व्यवस्था हटाउने सम्बन्धमा समिति, सरकार र सरोकारवाला पक्षबीच छलफल भएको थियो। समिति सभापति प्रकाश पन्थले कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई जोड्ने कार्यजिम्मेवारी




भएको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले समाजका हरेक क्षेत्रका आवाजलाई कानूनी पाटोबाट समयमै होसियारीपूर्वक सम्बोधन गर्ने विषयमा सजग र सचेत रहन आवश्यक रहन सुझाव दिए।

समिति सदस्य वामदेव गौतमले समितिमा हुने गहन छलफलका निर्णय कार्यान्वयनका लागि समयमै सरकारलाई ताकेता गर्नुपर्ने आवश्यकतामा जोड दिए। सदस्य कमलादेवी पन्तले सम्मानपूर्वक बाँच्ने पाउने संविधानले दिएको नागरिक हकलाई सुरक्षित गर्दै समाजका ८० प्रतिशत नागरिक कुनै न कुनै रुपमा मनोसामाजिक समस्याबाट पीडित रहेकाले राज्यलाई त्यसतर्फ आवश्यक ध्यान पुऱ्याउन सुझाव दिइन्। समिति सदस्य शारदादेवी भट्ट र भुवन सुनारले दुरदराजमा अझै पनि कतिपय अपाङ्ताका भएका व्यक्तिले परिचयपत्र बनाउन नपाएका तथा मनोपरामर्श सेवा प्राप्त गर्न नसक्दा आत्महत्याका घटना बढेको हुँदा हरेक विद्यालय र कलेजमा मनोपरामर्श सेवा उपलब्ध गराउने व्यवस्था आवश्यक रहेको बताए।

सदस्य मृगेन्द्रकुमार सिंहले कानूनमा अझै विभेद्कारी शब्द र शब्दावली देखिने गरेकाले त्यसलाई समयमै सशोधन गर्न सुझाव दिए। संघीय संसद् सचिवालयका सचिव डा. रोजनाथ पाण्डेले संविधानमा उल्लेख भएका मौलिक हकसँग जोडिएका कतिपय विषय कानून बनाउन ढिलाइका कारण कार्यान्वयन गर्न नसकिएकाले त्यस विषयमा सरकारको अग्रसरता आवश्यक रहेको उल्लेख गरे।

# कटहरियामा विद्यालय भवन शिलान्यास

प्रेमचन्द्र झा/मध्यान्ह
रौतहट, १ जेठ

रौतहटको कटहरिया नगरपालिकामा २ कोठे विद्यालय भवनको शिलान्यास गरिएको छ। सो नगरपालिकाको वडा नं. २ हथियाहीमा रहेको आधारभूत विद्यालयको भवन नगरप्रमुख अजय प्रकाश जयसवालले शिलान्यास गरेका हुन्।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको बजेट १८ लाख रुपैयाँको लागतमा विद्यालय भवन निर्माण हुन लागेको नगर प्रमुख जयसवालले बताए।



भवन निर्माणको लागि शिलान्यासपछि छिट्टै भवन निर्माणको काम अगाडी बढाइने प्रधानाध्यापक चुनचुन यादवले बताए। मेयर जयसवालले निर्वाचित भएदेखि नै आफ्नो नगरभरी रहेको विद्यालयहरु पठनपाठनको व्यवस्थापन गर्दै आइरहेका छन्।

सो शिलान्यास कार्यक्रममा व्यवस्थापन समितिका अध्यक्ष मनोज यादव, वडा नं. ५ का वडा अध्यक्ष सर्फलाल गुप्ता, वडा नं. ८ का वडा अध्यक्ष समिश बिक्रम साह लगायत स्थानीयको उपस्थिति रहेको थियो।

## डडेल्धुरा सडक विस्तार

# मुआब्जाका लागि सरकारले पठायो थप ३० करोड



दिपक राज भट्ट/मध्यान्ह
डडेल्धुरा, १ जेठ

साँघुरोको सडकका कारण डडेल्धुरा जिल्ला सदरमुकाम रहेको बागबजार किर्तिपुरमा गाडी आवतजावतमै समस्या हुने गरेको छ। सडकका ठूला गाडीहरु आएमा दिनहुँ जाम हुने गर्दछ।

अब भने यो समस्या समाधान हुने भएको छ। डडेल्धुरा सडक फराकिलो हुन थालेपछि स्थानीय खुसी भएका छन्।

डडेल्धुराको यस सडक खण्डको बागबजारदेखि वाणिज्य बैंकसम्मको सडक पहिलो चरणमा फराकिलो गर्ने काम अहिले धमाधम भइरहेको छ। अहिले बैतडीतर्फको सडक फराकिलो गर्न थप ३० करोड रकम पुनः रकमान्तरण गरिएको छ।

यसअघि सडक क्षेत्रमा पर्ने जग्गा र घरको मुआब्जाकै लागि २० करोड बजेट पठाइएकोमा सोही प्रयोजनका लागि थप ३० करोड बजेट पठाइएको हो।

महाकाली राजमार्गको बागबजारदेखि उग्रतारा सडकखण्डको मुआब्जा र क्षतिपूर्तिका लागि ३० करोड बजेट सडक डिभिजन कार्यालय कुलपाते डोटीलाई पठाइएको अमरगढी नगरपालिकाका मेयर डिल्लीराज जोशीले जानकारी दिए।

अर्थ मन्त्रालयले महालेखा परीक्षकको कार्यालयलाई पत्र लेख्दै रकमान्तर स्वीकृत गरेपछि सडक डिभिजन कार्यालय कुलपाते डोटीलाई ३० करोड प्राप्त भएको कार्यालय प्रमुख दीपक झाले जानकारी दिए। उनका अनुसार अब प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआब्जा निर्धारण समितिको बैठक बसेर प्रक्रिया अगाडि बढाइने छ।

मुआब्जाका लागि ८४ करोड बजेट आवश्यक रहेकोमा अहिलेसम्म दुई किस्तामा ५० करोड रुपैयाँ बजेट आएको छ। पहिलो किस्तामा आएको २० करोड मुआब्जा रकम वितरणको काम अन्तिम चरणमा पुगेको सडक डिभिजन कार्यालय कुलपातेका प्रमुख झाले बताए।

# पहिरो र आगलागीले गाईवस्तु चरिचरनमा समस्या

ओबराज शाही/मध्यान्ह
हुम्ला, १ जेठ

हुम्लाको खार्पुनाथ गाउँपालिकामा सडक विस्तारसँगै पहिरो जाँदा चरिचरन क्षेत्र पुरिन पुगेको छ। अर्कातिर हिउँदको समयमा आगलागीका घटना बढ्दा पनि गाईवस्तु चरिचरनमा समस्या हुने गरेको छ।

कर्णाली करिडोर सडक निर्माण भएर पनि सवारी साधान सुचारु नभएकै गाउँमा शाखा सडक खोल्दा गाईवस्तु चरिचरन क्षेत्र नै मासिएको खार्पुनाथ १ पिउस गाउँमा जय बहादुर शाहीले बताए।

शाहीका अनुसार सडक निर्माण गर्दा धेरै घुमाउरो हुने र सडक काट्नु पर्ने हुँदा बीचको बाँकी रहेको बनलाई पहिरोले नोक्सान बनाएको छ। उक्त क्षेत्रमा बालुवा भएको माटो धेरै भएकाले पानी परेको समयमा माटो बगेर सडकमा क्षतिसँगै बननै सकिएको अर्का स्थानीय टक्क शाहीले बताए।

शाहीले सडक माथिको करिव चार सय मिटरसम्मको बनमा पहिरो गएको हुँदा गाई, गोरु, भेडा, बाखालाई चरिचरनमा समस्या भएको बताए। भिउगौडादेखि तल्ला पिउस सम्मको सडकले गाईगोरु चरिचरन गर्ने क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ। अहिले पियुउसका करिब सय घरदुरीलाई हिउँदको समयमा चरिचरनमा समस्या भएको छ भने बर्खाको समयमा गाई,गोरु लेकतिर लैजाने गरिन्छ।


## Provincial government
# Ministry of Water Supply, Irrigation and Energy
## Koshi Province, Biratnagar

## Invitation for Bids

**Date of Second Publication: 2080-02-02 (May 16, 2023)**

1. The Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar invites the bids from the Eligible Bidders for the procurement of Goods under National Competitive Bidding (Single Stage-Single Envelope) procedures as follows:

| S. N. | Contract No. | Description and location of work | Estimated Amount NRs. (With VAT) | Bid Security Amount Nrs. (With VAT) | Bid Document Price (Nrs) |
|---|---|---|---|---|---|
| 1 | MoWSIE-KP/ DoIE/ NCB-04/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete, Haleshi Tuwachung Municipality-07, Haleshi Mahadev Temple | 4729709.00 | 120000.00 | 3000.00 |
| 2 | MoWSIE-KP/ DoIE/ NCB-05/ Goods/079-80 | Supply, delivery, installation, testing and commissioning of solar lighting system with all accessories all complete, Phungling Municipality-10 & 11, Pathibhara Temple. | 4095758.00 | 105000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of The Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar, Telephone: 021-590791, E-mail address: moirprovince1@gmail.com/ mowsie.p1@gmail.com or may visit PPMO website www.bolpatra .gov.np/egp. Bidding document is available online only and can be downloaded from e-GP system http://www.bolpatra .gov.np/egp.
3. Bidders should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below and submit along with the electronic bid.

   **Name of Office:** Ministry of mitWater Supply, Irrigation and Energy, Koshi Province, Biratnagar

   **Office Code no. :** 3130013011 **Name of the Bank:** Rastriya Banijya Bank, Branch Office, Biratnagar

   **Rajaswa (Revenue) Account No:-** 1000100201010001 **Rajaswa (Revenue) Shirshak No.:** 14229
4. The Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np on or before 12:00 P.M. on 2080/02/32 (June 15, 2023).
5. The pre-bid meeting shall be at Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar on 2080/02/16 (May 30, 2023) at 13:00 PM.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 PM on 2080/02/32 (June 15, 2023).at Ministry of Water Supply, Irrigation and Energy, Koshi Province, Biratnagar, Nepal.
7. The Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security amount which shall be valid for 30 days beyond the validity period of the bid.

   In case of cash deposit, the bidder shall deposit in following account number and shall submit the receipt along with the e-bid:

   Name of the Bank: Rastriya Banijya Bank, Branch Office, Biratnaga

   Dharauti Account No: 2120100202030000 (Cash Deposit for Bid Security)
8. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. Rest of things which are not mentioned in this notice will be according to PPA, 2063 & PPR, 2064.
11. In case of discrepancy or error in Tender Notice, Bid document and other document, MoWSIE, Koshi Province reserves right to amend, correct at any time.




मध्यान्ह
www.madhyanhadaily.com
२ जेठ २०८०, मंगलबार
16 May 2023, Tuesday

## सम्पादकीय

# लोकप्रिय होइन आवश्यक बजेट

**आगामी आर्थिक वर्षको बजेटका लागि सरकार नीति तथा कार्यक्रम ल्याउने अन्तिम तयारीमा छ । संविधानको व्यवस्थाभित्र रहेर सरकारले आगामी ५ जेठमा नीति तथा कार्यक्रम ल्याउँदैछ । त्यसैआधारमा १५ जेठमा आगामी आर्थिक वर्षको बजेट आउनेछ । बजेटका लागि संघीय संसदमा केही अगाडिबाटै छलफल चलिरहेको छ । अर्थमन्त्री डा.प्रकाशशरण महतले पेश गरेको बजेटसँग सम्बन्धित विधेयकमाथि छलफल भइसकेको छ । सांसदहरूले मुलुकको आर्थिक अवस्थाको वास्तविकतामा आधरित भएर बजेट ल्याउन सुझाव दिएका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र अर्थमन्त्री महतले पनि मुलुकको आर्थिक अवस्थाबारे जानकार रहेको सार्वजनिक अभिव्यक्ति समेत दिइरहेका छन् । तर फेरि पनि सरकार प्रमुख राजनीतिक व्यक्ति हुन् । आफ्नो नेतृत्वको सरकारले ल्याउने कार्यक्रमलाई पपुलर बनाएर मत तान्न खोज्नु स्वभाविक पनि हो ।**

**यसअघिका सरकारले पनि पपुलर बजेट ल्याउने र त्यसैआधारमा मत बढाउने प्रयास गरेको देखिन्छ । विशेषगरी नेकपा एमालेले पाउदै आएको मतलाई लिएर अरू राजनीतिक नेतृत्वले पनि मत बढाउने आधार बजेटलाई बनाउने गरेका छन् । मत तान्ने सूत्र पनि एमालेकै जस्तो छ । एमालेले बृद्धभत्ता र गाउँमा पैसा पठाउने एमालेको सूत्र अरू दलको सरकारले पनि सिके । अहिले अनेक शीर्षकमा मतदाता खुसी पार्ने प्रयत्नको लगभग प्रतिस्पर्धा नै चल्ने गरेको छ । बृद्धभत्ताको उमेर घटाउने, भत्ता बढाउने प्रतिस्पर्धा निरन्तर चलिरहेको छ । यसबाहेक बजेटको अर्को विशेषता भनेको नेताहरूले आफ्नो कीर्ति राख्ने होड हो । ठूला परियोजना थपिरहने, तर पूर्णता नपाउने प्रवृत्तिका पछाडि प्रधानमन्त्रीमा कीर्ति राख्ने होड हो ।**

**आगामी आर्थिक वर्षको बजेट दुवै प्रवृत्तिबाट अलग हुनुपर्नेछ । किनकि विश्वब्यापी कोरोना महामारीदेखि रूस-यूक्रेन युद्धका कारणले मुलुकको आर्थिक अवस्था संकटग्रस्ट छ । चालु आर्थिक वर्ष लिइएको आर्थिक बृद्धिदरको लक्ष्य एक चौथाइ पनि हुन सकेन । ८ प्रतिशतको लक्ष्य लिइएकोमा आर्थिक वर्ष सकिदा त्यो उद्देश्य २ प्रतिशत हाराहारीमा रहने अनुमान गरिएको छ । तसर्थ नीति तथा कार्यक्रम र बजेट बनाउँदा लोकप्रियतालाई ध्यान दिएर नभइ वास्तविकता र आवश्यकताको आधारमा बन्न जरूरी छ । किनकि संकटका बेला मत भन्दा पनि नागरिकको जीवनरक्षा महत्वपूर्ण हुनेछ ।**

# मौलाकालिका : धार्मिक पर्यटनको केन्द्र

संस्मरण



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

विदेशमा केवुलकारहरु थुप्रै देखिन्छन्, त्यसो त छिट्फुटरूपमा हामीकहाँ पनि छन् । मनकामना दर्शन सहजताका लागि कुरिनटार मनकामना मन्दिर केवलकार देशकै पहिलो भन्नु पर्ला । अन्यत्र पनि छन् अहिले । तर, बेलाबखत केवलकार अड्किएर घण्टौ याधुहरुले सास्ती पाएको खबर पनि हाम्रा लागि नौलो हुन्न । नयाँ वर्ष २०८० सँगै गैंडाकोटको शिखरमा रहेको मौलाकाली मन्दिरले पनि अब केबुलकार पाएको छ । गैंडाकोटकै धारापानीमा चढ्ने, साबिक हेलिप्याड बनेको ठाउँमा ओर्लने भई हालै निर्माण सम्पन्न भइ उद्घाटन भइसकेको केबुलकारको सन्चालन आइएमइ समूहको डेढ अर्बको लगानीमा तयार भएको भनिएको छ । दूरी केवल एक हजार दुई सय मिटर मात्र रहेको, केबुलकारका १४ वटा डिब्बा रहेका, दैनिक छ हजार यात्रु ओसारपसार गर्न सक्ने र माथि रहेको होटल छानामै हेलिप्याड रहन सक्ने, ५० कोठा सुविधा सम्पन्न होटलसमेत रहेको बताइएको छ । आइएमइ समूहको ५१ प्रतिशत र स्थानीयको ४९ प्रतिशत लगानीमा निर्मित सो केबुलकार युरोपियन स्टायन्डर्डमा रहेको भनिएको छ । लगभग एक घन्टाको पैदल उकालीपछि मौलाकाली शिखर पुग्न सकिने र शिखरबाट चितवन, परासी अनि देवघाटको रमणीय छटाको राम्रो भेउ पाउन सकिन्छ । पंक्तिकार त्यसको पारखी पनि हो ।


### यात्रा आरम्भ

राजधानी चिसाम्मे थियो, वर्षभरिकै चिसो दिन, ०८० वैशाख १८ भन्दा अझ बढी चिसो दिन । केही वर्षअघिको पुसको कुरो हो । थोरै समय तराईतिर पस्ने जमर्को भयो । डा. सुरज पोखरेल, भोजराज सापकोटा, शोभा पौडेल, शोभाखर आदि सहयात्रीहरु तयार भए यस कार्यमा साथ दिन । प्रदूषण बोकेको सहर काठमाडौंलाई छोड्यौं हामीले । बाटामा साहुनीहरुलाई दक्षिणा बुझाउँदै चितवनको भरतपुर पुग्यौं हामी, जाडै रहेछ त्यहाँ पनि । आजैदेखि मौसम बिग्रिएको छ सर, चितवनका साथीहरुले थपे । भोलिपल्ट बिहानै स्थानीय मित्र मेघनाथ तिमल्सिनासँग सम्पर्क गरेँ । बिहानै उनी आइपुगे कोठामा, "दुई पाँग्रे खटाराको व्यवस्था गरेको छु । मेघनाथजी देवघाटतिर जाने होइन त ?"

मेरो आग्रहलाई स्वीकार गरे उनले । आधा घण्टापछि हामी झत्कनै लागेको देवघाटको झोलुङे पुल पार गरि हाल्यौं । अघि देवताहरुले तपस्थली बनाएको देवघाट क्षेत्रको चर्चा जति गरे पनि कम हुन्छ । विष्णु प्रिया कालीगण्डकी र शिव प्रिया त्रिशुलीको संगमक्षेत्र देवघाटमा स्नान, तर्पण, पितृ स्मरणको कार्य सम्पन्न भयो ।

नदी किनारैमा बोटेहरु बसेका थिए । हामीले बोटेहरुलाई सोध्यौं, "पारि पुऱ्याइदिने ?" "हुन्छ हजूर, आज बोहनी भएकै छैन, कृपया हाम्रो डुंगामा बस्नूस् न !" हामी दुई डुंगा चढ्यौं । डुंगा चढ्नु अघि नै पैसाको मोलमोलाई भैसकेको थियो, जनही रु. तीस, डुंगाले नदी पूरा गर्न लाग्दा बोटेलाई सोधियो । "गहिराइ कति होला यहाँ ?" बोटेको जवाफ यस्तो थियो । "हिउँद छ हजूर अहिले पनि एक सय बीस फिटभन्दा बढी नै होला ।" बस् डुंगा सयर सकियो । बजारमा पुगेर नास्ता पछि हामी हल्लियौं बजारतिर । मध्याह्न भए पनि घामको तेज थिएन । "नारायणी पुल पारि गैंडाकोट, उक्लने होइन त मौलाकाली ?" मेरो जिज्ञासामा मित्र मेघनाथजीले हुन्छ भने । पूर्वपश्चिम राजमार्ग भुकुटीचोकबाट हामी उत्तर लाग्यौं । दिव्यधाम सडकको पिछा गर्दै । शिलान्यास चोक पुगेर पश्चिमतिर लाग्यौं, मिलनचोक पुगियो । अब त सवारी साधन यत्ति नै, हामीले हाम्रो वाइकलाई पार्किङ चौरतिर राख्यौं । अब सुरु हुन्छ उकाली, मिलनचोकबाट बाघखोर पुग्यौं, मुख्य प्रवेशद्वार मौलाकालिकाको । गणेश र कृष्ण मन्दिरको दर्शन पनि सकियो, उकाली चढ्न तम्तयार भयौं फेरि । झण्डै तीन किमि उकाली बस्, न्वारनदेखिको बल लगाउनु पर्ने, केहीबेरमै फेदी खोला पुगियो, त्यहाँबाट मोहन चौतारी पुग्दा शरीर पूरै गल्यो । मौसम चिसो तर मुटु ढक् ढक् गर्मीको अनुभूति भयो । शरीर पसिना पसिना केहीबेरको आराम । सुस्केरा हाल्दै उकाली, सिँढीहरु कति छन्, बस् पत्तो लाग्यो, १८८४ वटा । केही बस्दै केही हिँड्दै यात्रा, बोतल पानी त्यो पनि भारी भयो । केही बेरपछि रिजाल चौतारी, खगेश्वर चौतारी, सुन्दर, हरियाली, वन पाखाहरुमा शीतल छहारी मनोरम दृश्य । तर, लामो श्वासप्रश्वास, सिँढीमै थचक्क बस्यौं, अझै माथि जानु छ, महत बिसौनी आइपुग्यो । फलामको डन्डी समात्तै सिँढी उक्लियो घुम्ती सिँढीहरु र दायाँबाँया बस्ने चौतारोहरु, पानीका धारा, यात्रुलाई सहजता, बस् अब केवुलकारले यो आनन्दलाई खाइदिनेछ, निलिदिनेछ ।

"ऊ हेलप्याड, देख्नुभयो सर, गएको दसैंमा यसै हेलिप्याडमा हेलिकप्टर राखी मन्त्रिपरिषदका अध्यक्षले मौलाकाली दर्शन गरेका थिए । देवीसँग उनले वरदान मागे, संविधानसभा निर्वाचन सम्पन्न गर्न सकौं भनेर,



*ऋषिहरूको तपोभूमि देवघाट क्षेत्रबाट नजिकै, नारायणी पुलबाट उत्तरतिर करिब चार किमि टाढा समुद्र सतहदेखि ५६१ मि. पहाडी धुरीमा रहेको सुप्रसिद्ध तीर्थस्थल, शक्ति प्रवल मौलाकालिका देवीको मन्दिर निकै आकर्षक ठाउँमा छ । पन्ध्रौं शताब्दीतिर पाल्पाका राजा मणिमुकुन्दसेनको राज्यकालमा तत्कालीन सैनिक टुकडीले आफ्नो ब्यारेकमा काठको मौलो गाडी शिला स्थापना गरी पूजा अर्चना गर्दै आएको र ती राजाको अन्त्यपछि स्थानीय पिनाली र सुनारी मगरले पूजा चलाएको किवदन्ती भेटिन्छ ।*

सभाको चुनाव त सकियो बनेको संविधान अहिले अलपत्र, दोस्रो चुनावपछि विधेयक अधिवेशन, तर गफ गरेर सकियो, भर्खरै यो अन्त्य भइसकेको छ । पहिले त्यता गएर राष्ट्रपतिले उद्घाटन गरे, ठूला गएपछि गाउँ पनि ठूलो हुँदो रहेछ", उकालीको हल्का गफमा थपेँ, "देवी अझै ठूली छन्, देवीको उपासना गर्नाले जे माग्यो त्यो पूरा हुन्छ पनि मनकामना जस्तै ।" सुस्केरासँगै देउराली देवीस्थान, अलिमाथि दूर संचारको टावर, ढोकामा प्रवेश गर्दा मन हर्षले विभोर, दायाँ बायाँको दृश्य पुष्प वाटिकाहरु हेरुँ हेरुँ लाग्ने, फेरि सिँढी उकाली चढ्दै हामी दुई घण्टामा मन्दिर प्रांगणमा प्रवेश गरेका हौं । तलतिरको सुन्दर हराभर संसारले हामीलाई मन प्रफुल्लित बनाएको थियो ।

### अध्ययनतिर

हिमवत् खण्डका रूपमा परिचित नेपाल राष्ट्रको मध्य भूभाग, ऋषिमुनिहरुको तपोभूमि देवघाटक्षेत्र परिसर नवलपरासी जिल्ला, त्यो बेलाको गैंडाकोट, पूर्वपश्चिम राजमार्ग नारायणी पुलबाट उत्तरतिर करीब चार किमि टाढा समुद्र सतहदेखि ५६१ मि पहाडी धुरीमा रहेको सुप्रसिद्ध तीर्थस्थल, शक्ति प्रवल मौलाकालिका देवीको मन्दिर निकै आकर्षक छ । करिब पाँच सय वर्ष पहिला वि.सं. पन्ध्रौं शताब्दीतिर पाल्पाका राजा मणिमुकुन्दसेनको राज्यकालमा तत्कालिन सैनिक टुकडीले आफ्नो व्यारेकमा काठको मौलो गाडी शिला स्थापना गरी पूजा अर्चना गर्दै आएको र ती राजाको अन्त्यपछि स्थानीय पिनाली र सुनारी मगरले पूजा चलाएको किवदन्ती भेटिन्छ ।

पछि स्थानीय गाउँलेहरुले आलोपालो पूजा चलाए । पहिला त्यहाँ ठूलो सालको रुख, अहिले पनि घनाजंगल सालकै छ । सालको रुखसँगै जोडिएको मन्दिरमा ऐतिहासिक संरचनाहरु छरपष्ट छन् । कालान्तरमा गाउँका आदिवासीहरु बसाइँ सरे, मन्दिरको पूजा पाठ रोकियो । वि.सं. २०३२ मा गैंडाकोट निवासी काशीनाथ पौडेलले सपनामा मौलाकालिको दर्शन पाए, यसपछि स्थानीय व्यक्ति कुमान सिंह गुरुङले सो स्थलमा खनेर हेर्दा धमिराले खाएको काठको मौलो देखे । गोलाकार शिलाहरु भेटिए, घण्टी पनि । अब स्थानीय वासिन्दाहरुले त्यहाँ सानो मन्दिर निर्माण गरे, र वडादसैं, चैत्रदसैं पर्वमा पूजाआजा सुरु गरे । वि.सं. २०३७ श्री कृष्णजन्माष्टमीको समय पारी अखण्ड भजन किर्तन सम्पन्न गरेर धार्मिक सेवासमितिको तय भयो । वि.सं. २०३२ पछि निरन्तर ब्राह्मण पुजारीको व्यवस्था भयो । वि.सं. २०४३ देखि हप्ताको दुई दिन शनि र मंगलबार पूजा गर्ने व्यवस्था सुरु भयो । वि.सं. २०४४ देखि आवासीय पुजारीले दैनिक पूजा संचालन गरे, ६४ देखि आवासीय दुई पुजारीले नित्य पूजा संचालन गरे, सात्विक पूजा हुने त्यहाँ अन्यत्रभन्दा फरक काटमार वली दिने चलन छैन ।

वि.सं. २०३२ मा बनेको सानो कच्ची मन्दिर वर्षाको कारण भत्कियो । वि.सं. २०४२ मा एक टिनको छानो भएको सानो मन्दिर बनाइयो । भक्तजनको भीड पछि २०५१ सालमा प्रहरी तालिम केन्द्र चितवनको समेत अग्रसरता, श्रद्धालु जनता, संघसंस्था, उद्योगी व्यवसायीहरुको सक्रियतामा तीन ढोका भएको तीन तले पक्की मण्डप शैलीको मन्दिर तयारी, २०५३ चैत्रमा समुद्घाटन सम्पन्न । देउराली भन्ज्याङ सिंढीमार्गमा देउरालीदेवीको खुला मन्दिर, मूल मन्दिर परिसरमा हवन कुण्ड, भैरवको मन्दिर, शिव, तुलसीमठ, मूल प्रवेश ढोकामा गणेश र सरस्वतीका मूर्तिहरु राम्रो सजिएको छ । मन्दिर परिसरमा छाताजस्तै फैलिएको डमराहीका बुटा थिए रे पहिले, भक्तजन यही डुमरीका बुटामुनि रात बिताउँथे रे, पानीको सुविधा थिएन । माथि चौतारी, विश्रामस्थल, बिजुली, पानी टंकी सार्वजनिक शौचालय, एटेच बाथरुमसहित बस्ने कोठाहरुको राम्रो प्रबन्ध पनि, एकै पटक १५० जना जति बस्न सक्ने कोठाहरुको व्यवस्था पनि । नेपाल प्रहरी, देवघाट क्षेत्र विकास समिति, सैनिक र सर्वसाधारणको सहकार्यमा धेरै विकास निर्माण भएको देखियो । दैनिक आम्दानीको लगबुक राखेको पाइयो । अफसिजनमा पनि मासिक तीन/चार लाख आम्दानी हुने गरेको लगबुक देखाउँदै थिए पंक्तिकारलाई समितिकै साथीले ।

### दैविक शक्ति

शक्तिस्वरूपा मौलाकालिका भगवतीको पूजा अर्चना, उपासना गर्नाले आत्मसन्तुष्टि, आत्म आनन्दको अनुभूति हुन्छ, दुःख, आपत् आइलाग्दैन । संकट नाशिनी देवीको चर्चा कालिका पुराण, दुर्गा शप्तशती, देवी भागवत आदिमा प्रशस्त चर्चा भएको छ । सहन शक्ति बढाउने देवी अष्टभुजा देवीको चर्चा अघि गुरु शंकाराचार्यले पनि गरेका थिए । छिमेकी राष्ट्र भारतबाट यहाँ आउनेहरुको भीड देखिन्छ । भाकल पूरा गरिदिने देवी भनेर देवी पीठहरुको दर्शन गर्ने चलन यत्रतत्र रहेको छ । शक्ति भक्तिले सम्पन्न देवीको दर्शन गर्न सेना, प्रहरी, सर्वसाधारण, राष्ट्रसेवक युवायुवती, बाल वृद्धजन सबै किसिमका व्यक्तिहरु पुग्ने गर्छन् । हराएका मानिस भेटिने, परीक्षा उत्तीर्ण हुने व्यापार व्यवसाय फस्टाउने उद्देश्यले पनि त्यहाँ जानेहरुको भीड देखिने गर्छ । सन्तान प्राप्तिको इच्छा गर्नेहरु, रूप, लावण्य प्राप्तिका लागि मनरोग निवृत्तिका लागि पनि देवी उपासना गर्नेहरुको घुइँचो लाग्ने गरेको छ ।

साधु सन्तहरुको पनि उपस्थिति रहेको त्यस क्षेत्रमा भारतीय योग गुरु रामदेव पनि पुगेका थिए । उनैले २०६४ साल असोज १० गते देवीको पूजा गरेर शक्ति स्वरूपा मौलाकालिका देवी रहेको सार्वजनिक घोषणा गरेका थिए । वि.सं. २०६७ मा कात्तिक २७ गते ताइवानबाट आएका पाचौं अवतारी लामा गुरु रानग टुल्कु रिन्चेन रिम्पोचेबाट पनि पूजा अर्चना भएको थियो । ध्यानमा बस्दा देवीको प्रत्यक्ष दर्शन पाएको उनले बताएका थिए । २०६७ मार्ग १४ मा यहाँका राष्ट्रपतिले दर्शन गरेका थिए, नवनिर्मित हवन कुण्डको प्रतिष्ठा, अनावरण, उद्घाटन गरेका थिए । चितवनको राष्ट्रिय निकुन्ज सौराहा, टाइगरटप आदिको अवलोकन, वनजंगलको हराभर क्षेत्रको अवलोकन, तराईका समथर फाँटहरुको दृश्यावलोकन मन्दिर, शिखरको थप विशेषता रहेको छ । देवीको दर्शन संस्मरमणलाई लिपिबद्ध गर्ने मेरो योजना अनुसार लेखन कार्य केही पछि मात्र भयो, अहिले पुनर्लेखन भएको हो । मित्र मेघनाथजीलाई भरतपुरमा विदाइ सकेर म भने राजधानी फिर्ताको तनावाना बुन्न थालेँ, पहिले सँगै गएका साथीहरु साथ उही मुगलिङ्ग, नारायणघाटको खण्डहर, बिग्रेको बाटो पार गर्दै काठमाडौं फर्कियौं हामी, घण्टौको जाममा रोकिँदै ।

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

हाम्रा विश्वविद्यालयको विद्यमान प्रणाली र विसंगतिले गर्दा नेपालको युवा पुस्ताले देशभित्रै न्यूनतम गुणस्तरसमेतको उच्च शिक्षा पाउने अवसर क्षीण हुँदैछ । त्यसैले पनि होला लाखौंको संख्यामा विद्यार्थी विदेशिँदै छन् । राष्ट्रको भविष्यका लागि यसको परिणाम भयावह हुनेछ ।



**- मुकेश काफ्ले**

नेपाली समाजको बिम्ब र चरित्र हामीले भनेपछि फलानो त भ्रष्टचारी, दुराचारी सबै हो । कानून, प्रमाण केही पनि चाहिँदैन, तुरून्तै कारबाही गर, जेल कोची हाल आदि, इत्यादि । अचम्म त फ्याक्ट चेक गर्दै जाँदा मिडियामा आएका संवेदनशील समाचार नै असत्य पुष्टि हुन जान्छन् । अनि उन्नत लोकतन्त्र र सभ्य समाज कसरी बन्छ ?



**- ओमकुमार थापा**

भ्रष्टाचारसम्बन्धी उजुरी दिने हदम्याद पाँच वर्षको हुनुपर्ने भन्ने विधेयक पेस गरिँदै रहेछ । सरकारका पूर्वमन्त्री र कर्मचारीहरू धमाधम भ्रष्टाचारका मुद्दामा गिरफ्तार हुँदै गर्दा यो विधेयकले भ्रष्टाचारीहरूलाई उम्काउने नियत त हैन ? भ्रष्टाचारलगायतका अपराधमा पनि हदम्याद राख्न पाइन्छ ?



**- राधाकृष्ण कटवाल**

विद्युत प्राधिकरण पनि सरकारी उद्योग बन्द गराएर नीजि उद्योग पोस्ने अभियानमा लागेछ कि के हो ? शिवम् सिमेन्ट कम्पनीले एक अर्ब २५ करोड विद्युत महशुल नतिर्दा पनि बत्तिको लाइन नकाट्ने तर, उदयपुर सिमेन्टले ३६ करोड नतिर्दा लाइन नै काटेर उद्योग नै बन्द गरिदिने ? यो त अलि हद भयो कि !

# नागरिकको दायित्व

विचार



● लेखराज रेग्मी

*जुन ढंगले नक्कली शरणार्थी प्रकरण सतहमा आएको छ, यसको किनारा लगाउने विषय सहज देखिन्न । प्रकरणकै कारण सरकार नै बदल्ने र यो प्रकरणलाई तुहाउनेसम्मका घटनाहरू हुनसक्छन् । जुन प्रयत्नहरू पृष्ठभूमिमा देखिएका छन् । यो सन्दर्भमा सरकारलाई आवश्यकताअनुसार सहयोग र खबरदारी आवश्यक देखिएको छ ।*

आज नक्कली शरणार्थीसम्बन्धी विषय चर्चाको शिखरमा छ । तर, यसको महत्वपूर्ण पाटो नीतिगत भ्रष्टाचार चाहिँ ओझेलमै परेको छ । भुटानी शरणार्थीलाई तेस्रो देशमा पठाउने निर्णयमा सरकार, शरणार्थी सम्बद्ध संस्थाहरुको निर्णयमाथि प्रश्न उब्जिन्छ । यो प्रकरणमा घुस अथवा भ्रष्टाचार मात्र होइन मानव तस्करीसम्म झल्किन्छ र यो हद दर्जाको अमानवीय कार्य हो ।

